नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५

**मन्त्रीपरिषद्बाट स्वीकृत मिति : २०७५/०९/०९**

**प्रस्तावना:** प्रत्येक स्थानीय तह अन्तर्गत रहने रोजगार सेवा केन्द्रको रोजगार संयोजकको अस्थायी दरबन्दीमा करारमा कर्मचारी भर्ना गरी काममा लगाउन रोजगार संयोजकको पदपूर्ति प्रक्रिया र सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्बाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले रोजगार संयोजकको छनौट गर्न बनेको दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## रोजगार संयोजकको दरबन्दी र पदपूर्ति

३. **दरबन्दी:** (१) प्रत्येक स्थानीय तह अन्तर्गत रहने रोजगार सेवा केन्द्रको संचालन गर्न एक जना रोजगार संयोजकको व्यवस्था गरिनेछ ।

(२) रोजगार संयोजकको दरबन्दी अस्थायी हुनेछ । नेपाल सरकारले हरेक वर्ष एक आर्थिक वर्षका लागि रोजगार संयोजकको दरबन्दी स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) दश हजार भन्दा बढी जनसंख्या भएको स्थानीय तहमा नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत सरहको र दश हजार भन्दा कम जनसंख्या भएको स्थानीय तहमा राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा सरहको रोजगार संयोजक रहनेछ ।

४. **पदपूर्ति:** रोजगार संयोजकको स्वीकृत अस्थायी दरबन्दीमा मन्त्रालयले एक वर्षका लागि प्रदेशगत रुपमा खुला प्रतिस्पर्धाद्वारा करारमा पदपूर्ति गरी स्थानीय तहमा खटाउनेछ ।

५. **न्यूनतम योग्यता:** रोजगार संयोजकको पदपूर्तिका लागि गरिएको विज्ञापनमा देहायको न्यूनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेदवार हुन सक्नेछ:

(क) राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत सरहको रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा सरहको रोजगार संयोजकका लागि कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

१. देवनागरी र अंग्रेजीमा दक्षतापूर्वक टाइपिङ्ग गर्न सक्ने ।

२. Computer, Printer, Scanner, Multimedia लगायत उपकरणहरुको प्रयोग गर्न सक्ने सीप भएको ।

३. MS-Office Package (Word, Excel, Access, Power point आदि) को प्रयोग गर्न सक्ने क्षमता भएको ।

४. इमेल इन्टरनेटसम्बन्धी आधारभूत ज्ञान भएको ।

५. व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको ।

## परिच्छेद-३
## छनौट प्रक्रिया

६. **छनौट समिति:** (१) रोजगार संयोजक छनौट गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव | संयोजक |
| (ख) | मन्त्रालयको प्रतिनिधि (रा.प.द्धितीय श्रेणी) | सदस्य |
| (ग) | मन्त्रालयले तोकेको विज्ञ | सदस्य |

(२) समितिले आवश्यकता अनुसार विज्ञका रुपमा अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

७. **बाह्य संस्थाको सेवा लिन सक्ने:** मन्त्रालयले रोजगार संयोजक छनौट गर्ने कार्यका लागि यसै मापदण्ड बमोजिम गर्ने गरी पूरै वा आंशिक रुपमा कुनै सरकारी, अर्धसरकारी, शैक्षिक वा निजी संस्थाको सहयोग प्राप्त गर्न सक्नेछ ।

८. **दरखास्त आह्वान गर्ने:** (१) मन्त्रालयले रोजगार संयोजकको रिक्त दरबन्दीमा पदपूर्तिका लागि अनुसूची १ बमोजिमको ढाँचामा बढीमा पन्ध्र दिनको समय सीमा तोकी अनलाइन दरखास्त आह्वान गर्नेछ ।

(२) दरखास्त आह्वानको सूचना मन्त्रालयको वेभसाइट, राष्ट्रिय स्तरको दैनिक पत्रिका र देशभरी प्रसारण हुने रेडियो/एफ.एम. मार्फत प्रकाशन र प्रसारण गर्नु पर्नेछ ।

(३) अनलाइनमार्फत दरखास्त प्राप्त गर्न मन्त्रालयले आवश्यक सफ्टवेयरको विकास गरी कार्यान्वयनमा ल्याउनेछ ।

(४) उम्मेदवारले अनलाइनमार्फत दरखास्त बुझाएपछि सोको निस्सा प्रिन्ट गरी कम्प्युटर सीप परीक्षाको समयमा र करार सम्झौता गर्दाका बखत प्रस्तुत गर्नु पर्नेछ ।

९. **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) मन्त्रालयले आवेदन दर्ता गर्न तोकिएको म्याद समाप्त भएको मितिले दश दिन भित्रमा रिक्त पदको तीन गुणाले हुन आउने संख्यामा उम्मेदवार छनौट गरी प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनका लागि दरखास्त दिने उम्मेदवारहरुको मूल्यांकन देहायका आधारमा गरिनेछ :

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत बापत ७० अंक,

(ख) न्यूनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत २० अंक, र

(ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम, साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरु वा संयुक्त राष्ट्रसंघीय निकायहरु (यूएन एजेन्सी) वा नेपाल स्थित विकास साझेदार निकाय वा कुटनीतिक निकायहरुका कार्यक्रममा रोजगारी, विकास, सामाजिक परिचालन, नीति तथा योजना, गरिबी निवारण, तथ्यांक व्यवस्थापन वा सूचना प्रविधिको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव बापत १० अंक ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रतिशत बापतको अंक निर्धारण देहाय अनुसारको सूत्रको प्रयोग गरी गरिनेछः

$$\frac{\text{न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत}}{१००} \times ७०$$

(४) उपदफा (२) बमोजिमका योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वयम्ले हस्ताक्षर सहित प्रमाणित गरी पेश गर्नु पर्नेछ । यसरी पेश गरिएका कुनै पनि प्रमाणपत्र झुट्टा भएको पाइएमा थाहा हुनासाथ त्यस्तो उम्मेदवारलाई छनौटको प्रक्रियामा भए छनौट प्रक्रियाबाट निष्कासन गरेर र छनौट भई काममा खटिई सकेको भए करार रद्द गरेर कानून बमोजिम कारवाही गरिनेछ ।

(५) उपदफा (२) बमोजिमका आधारहरुमा हरेक उम्मेदवारले प्राप्त गरेको अंकको योग निकाली प्राप्त अंकका आधारमा आवश्यक संख्याका आवेदकहरुको योग्यताक्रमको सूची निर्धारण गरेर मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिनेछ र यस्तो सूची प्रकाशन गरेको जानकारी दिने सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र देशव्यापी रुपमा प्रशारण हुने रेडियो/एफ.एम. मार्फत प्रकाशन र प्रशारण गरिनेछ ।

(६) यस दफा बमोजिमको उम्मेदवारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनका लागि छनौटको सम्पूर्ण प्रक्रिया कम्प्युटरमा आधारित स्वचालित प्रणालीबाटै गर्ने गरी आवश्यक सफ्टवेयरको विकास गरी उपयोग गरिनेछ ।

(७) प्रारम्भिक योग्यताक्रमको सूचीसँगै कम्प्युटर सीप परिक्षाको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०. **कम्प्युटर सीप परीक्षणः** (१) कम्प्यूटर सम्बन्धी सीप परीक्षणको पूर्णाङ्क ५० र उत्तीर्णाङ्क २५ हुनेछ भने समय ३० मिनेट हुनेछ । २ अंकभारका २५ वटा बहु वैकल्पिक प्रश्नहरुको अनलाईन कम्प्युटर प्रणालीमा समाधान गर्नु पर्ने गरी परीक्षाको व्यवस्था मिलाइनेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारले परीक्षा दिई सक्ने वित्तीकै कम्प्युटरले निजको नतिजा स्वतः देखाउने प्रणालीको व्यवस्था गरिनेछ ।

११. **अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः** देहाय बमोजिमको आधारमा उम्मेदवारहरुको अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिनेछः

(क) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका सबै उम्मेदवारको कम्प्यूटर सीप परीक्षामा प्राप्त गरेको अंकका आधारमा अन्तिम योग्यताक्रमको सूची कायम गरी प्रकाशन गरिनेछ र सोही सूचीबाट रिक्त पदमा आवश्यक संख्याका उम्मेदवारहरुलाई योग्यताक्रमका आधारमा क्रमशः खटाइनेछ ।

(ख) अन्तिम योग्यताक्रमको सूचीबाट रिक्त पदका लागि आवश्यक संख्याका उम्मेदवारहरुलाई काममा खटाई सकेपछि बाँकी रहेका सबै उम्मेदवारहरु वैकल्पिक सूचीमा रहनेछन् ।

(ग) अन्तिम योग्यताक्रम निर्धारण गर्दा कम्प्युटर सीप परीक्षणमा उम्मेदवारहरुले बराबर अङ्क प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रमा उल्लेखित लब्धांक प्रतिशतलाई आधार मानी बढी प्रतिशत अंक प्राप्त गरेका उम्मेदवारलाई अन्तिम छनौट गरिनेछ ।

(घ) लब्धांक प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यता, माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अंक प्रतिशत र उमेरको जेष्ठतालाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गरिनेछ ।

## परिच्छेद-४
## स्थानीय तहमा खटाउने

१२. **स्थानीय तह रोज्न दिनेः** छनौट भएका उम्मेदवारहरुलाई अन्तिम योग्यताक्रमको सूचीका आधारमा दरबन्दी रिक्त रहेका स्थानीय तहको विवरण उपलब्ध गराई क्रमैसँग रोज्न दिइनेछ ।

१३. **करार सम्झौता गरी काममा खटाउने:** खटिने स्थानीय तहको टुंगो लागेपछि मन्त्रालयले हरेक उम्मेदवारसँग सेवाका शर्त र सुविधा समेत खुलाई करार सम्झौता गरी सम्बन्धित स्थानीय तहमा कामकाज गर्न खटाउनु पर्नेछ ।

१४. **वैकल्पिक उम्मेदवारलाई खटाउने:** (१) छनौट भएका उम्मेदवारहरुमध्ये कुनै उम्मेदवार अन्तिम नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र करार सम्झौता गर्न नआएमा मन्त्रालयले निजको सट्टामा वैकल्पिक उम्मेदवारलाई सिफारिस गरी सम्बन्धित स्थानीय तहमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(२) यसरी खटाइएका उम्मेदवारहरुले मन्त्रालयले खटाएको मितिले दश दिन भित्र खटिएको स्थानीय तहमा हाजिर भई सक्नुपर्नेछ । हाजिर भएको जानकारी सम्बन्धित स्थानीय तहले मन्त्रालयलाई पठाउनु पर्नेछ । खटाएको गाउँकार्यपालिका वा नगरकार्यपालिकाको कार्यालयमा दश दिन भित्र हाजिर नहुने व्यक्तिलाई योग्यताक्रमको सूचीबाट हटाई निजको स्थानमा मन्त्रालयले वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रममा सबैभन्दा अगाडि हुने अर्को उम्मेदवारलाई काम काज गर्न खटाउनेछ ।

१५. **स्थानीय तह परिवर्तन गर्न सक्ने:** (१) छनौट भएका सबै उम्मेदवारले स्थानीय तह रोजी सकेपछि काममा खटिनु पूर्व वा खटिए पछि कुनै दुई जना रोजगार संयोजकले एक आपसमा मिली मन्त्रालयको स्वीकृतिमा आफू खटिएको स्थानीय तह परस्परमा हेरफेर गर्न सक्नेछन् ।

(२) कुनै कारणले कुनै स्थानीय तहको रोजगार संयोजकको पद रिक्त भएको अवस्थामा अर्को स्थानीय तहमा खटिएको रोजगार संयोजकले पद रिक्त भएको स्थानीय तहमा काम गर्न जान निवेदन दिएमा मन्त्रालयले निजलाई पद रिक्त भएको स्थानीय तहमा खटाउन सक्नेछ ।

तर एउटै रिक्त स्थानका लागि दुई वा दुईभन्दा बढी निवेदन परेमा मन्त्रालयले निवेदकको स्थायी बसोबासको ठेगानाका आधारमा घरपायक पर्ने रोजगार संयोजकलाई खटाउन सक्नेछ ।

१६. **कार्यसम्पादन सम्झौता गरी काममा खटाउने:** (१) मन्त्रालयबाट करार सम्झौता गरी आएको रोजगार संयोजकलाई सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निजसँग कार्यसम्पादन सम्झौता गरी कार्यविवरण सहित काममा लगाउनु पर्नेछ ।

(२) रोजगार संयोजकले कार्यविवरणका आधारमा चौमासिक विभाजन सहितको वार्षिक कार्ययोजना बनाई सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखबाट स्वीकृत गराएर सोही बमोजिम कार्यसम्पादन गर्नु पर्नेछ ।

## परिच्छेद-५
## जिम्मेवारी, करार अवधि र पदमुक्त हुने अवस्था

१७. **रोजगार संयोजकको कार्यविवरण तथा जिम्मेवारीः** (१) रोजगार संयोजकले गाउँकार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष, सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही देहायका कार्यहरु गर्ने, गराउनेछः

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्यांक संकलन गर्ने, रोजगार नक्सांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,

(छ) बेरोजगारहरुको ज्ञान, सीप, अनुभव, क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) आफ्ना कामकारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँकार्यपालिका तथा नगरकार्यपालिकामा प्रतिवेदन गर्ने,

(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका काम कारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने,

(ञ) आफ्नो कार्यक्षेत्रभित्रबाट वैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना सम्प्रेषण गर्ने,

(ट) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने,

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,

(ड) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने ।

(२) रोजगार संयोजकले उपदफा (१) बमोजिमका कार्यहरु सम्पादन गर्दा नीतिगत र सारभूत विषयहरुको हकमा गाउँकार्यपालिका वा नगरकार्यपालिकाबाट आवश्यक निर्णय गराई गर्नुपर्नेछ ।

१८. **करार अवधिः** रोजगार संयोजकको करार अवधि एक वर्षको हुनेछ ।

१९. **जिम्मेवारीबाट हटाउन सकिनेः** (१) रोजगार संयोजकको कामको मूल्यांकन सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वार्षिक कार्ययोजनामा आधारित भई सूचकगत रुपमा चौमासिक रुपमा गर्नेछ ।

(२) कार्यसम्पादन मूल्यांकनमा पचहत्तर प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने रोजगार संयोजकको मूल्यांकन प्रतिवेदन सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखबाट निर्णय गराई चौमासिक समाप्त भएको पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) मूल्यांकनमा न्यूनतम पचहत्तर प्रतिशत अंक प्राप्त गर्न नसक्ने रोजगार संयोजकलाई स्पष्टीकरणको मौका दिई मन्त्रालयले हटाउन सक्नेछ ।

(४) यसरी रिक्त हुने पदमा मन्त्रालयले वैकल्पिक सूचीमा सबैभन्दा माथिल्लो योग्यताक्रममा रहेको उम्मेदवारलाई करार सम्झौता सहित काम काज गर्न खटाउनु पर्नेछ ।

२०. **रोजगार संयोजकको पद रिक्त हुनेः** (१) देहायको अवस्थामा रोजगार संयोजकको पद रिक्त भएको मानिनेछः

(क) दफा १९ बमोजिम जिम्मेवारीबाट हटेमा,
(ख) निजले पेश गरेको राजीनामा स्वीकृत भएमा,
(ग) गाउँकार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा जानकारी नगराई लगातार सात दिनसम्म कार्यालयमा अनुपस्थित रहेकोमा सम्बन्धित गाउँकार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयको सिफारिसको आधारमा मन्त्रालयले निजलाई कामबाट हटाउने गरी करार रद्द गर्ने निर्णय गरेमा,
(घ) भ्रष्टाचार गरेमा,
(ङ) फौजदारी अभियोगमा कसुरदार ठहरेमा,
(च) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको अवस्था सिर्जना भएमा सोको जानकारी सम्बन्धित स्थानीय तहले यथाशीघ्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

२१. **रिक्त पदमा पदपूर्तिः** रोजगार संयोजकको पद रिक्त भएमा वैकल्पिक सूचीमा रहेको एक वर्ष सम्म वैकल्पिक सूचीको उम्मेदवारहरु मध्येबाट र नभएमा यसै मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ ।

## परिच्छेद-६
## सेवा शर्त र सुविधा

२२. **तलब भत्ता:** रोजगार संयोजकले निजामती सेवाको सोही सरहको पदले पाउने सुरु तलव स्केल बराबरको तलब, स्थानीय भत्ता र चाडपर्व खर्च पाउनेछ ।

२३. **बिदा:** (१) रोजगार संयोजकले देहाय बमोजिमका बिदाहरु पाउनेछ :

(क) घर बिदाः रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरे बापत एक दिन ।

(ख) बिरामी विदाः रुजु हाजिरीको आधारमा छब्बीस दिन काम गरे बापत एक दिन ।

(ग) प्रसुति विदाः सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा अन्ठानब्बे दिन (महिला रोजगार संयोजकको हकमा मात्र) ।

(घ) किरिया विदाः आफ्नो रित र परम्परा अनुसार बढीमा पन्ध्र दिन ।

(२) उपदफा (१) बमोजिमका कुनै पनि किसिमका बिदाहरु सञ्चित गरे बापत कुनै सुविधा पाइने छैन ।

(३) प्रसुति विदा पाउन कम्तिमा छ महिना सेवा गरेको हुनु पर्नेछ ।

(४) एक आर्थिक वर्षका बिदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

२४. **बिदाको स्वीकृति:** रोजगार संयोजकको बिदाको स्वीकृती स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद-७
## विविध

२५. **आचरण:** रोजगार संयोजकले निजामती कर्मचारीहरुका लागि तोकिएका आचरण र अनुशासनको पालना गर्नु पर्नेछ ।

२६. **अनुसूचीमा संशोधन:** यस मापदण्डको अनुसूचीमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

२७. **बाधा अड्काउ फुकाउने:** यस मापदण्डको कार्यान्वयनमा कुनै वाधा अड्काउ वा द्विविधा भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
अनलाइन आवेदनको ढाँचा

<table>
<tr><th colspan="6">आवेदकको व्यक्तिगत विवरण</th></tr>
<tr><td rowspan="2">नाम थर</td><td colspan="3">स्थायी ठेगाना</td><td rowspan="2">बाबुको नाम</td><td rowspan="2">आमाको नाम</td></tr>
<tr><td>जिल्ला</td><td>स्थानीय तह</td><td>वडा नं.</td></tr>
<tr><td>बाजेको नाम</td><td colspan="3">जन्ममिति</td><td>दरखास्त दिने मितिमा आवेदकको उमेर (वर्ष, महिना)</td><td>नागरिकता नं./जारी भएको जिल्ला</td></tr>
<tr><td>लिंग</td><td colspan="3">आवेदन दिएको जिल्लाः</td><td>सम्पर्क नं.</td><td>ईमेलः</td></tr>
</table>

<table>
<tr><th colspan="4">शैक्षिक योग्यता सम्बन्धी विवरण एस एल सी देखि माथि</th></tr>
<tr><td>योग्यता</td><td>विद्यालय/विश्वविद्यालय</td><td>उत्तीर्ण गरेको साल</td><td>प्राप्तांक प्रतिशत</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

देहायका कागजातको प्रमाणित प्रतिलिपि अपलोड गर्नुहोस :-

| | |
|---|---|
| नागरिकता प्रमाणपत्र (दुबैपट्टि देखिने) | |
| पासपोर्ट साइजको फोटो (हालसालै खिचेको) | |
| न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र | |
| न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लब्धांकपत्र | |
| कम्तीमा दुई वर्ष काम गरेको अनुभवको प्रमाणपत्र | |

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

विवरण पठाउनुहोस